**(Connection) गरी वा अन्तरआवद्ध (Interconnection) गरी E.164 Numbering Scheme प्रयोग गर्ने** ***फोन वा मोबाइल वा टर्मिनलमा Terminate गराउन पाइनेछैन।***

(क) (६) इन्टरनेट टेलिफोनी (Internet Telephony) को अनुमति पाउने सेवा प्रदायकले दूर सञ्चार संग सम्बन्धीत वर्तमान ऐन, नियमहरु आदिका अतिरिक्त ***"इन्टरनेट टेलिफोनी (Internet Telephony) सेवा सञ्चालन गर्दा पालना गर्नुपर्ने शर्तहरु (Conditions to be abide by the Licensee to Operate Internet Telephony Services)*** *"* मा उल्लेखित शर्तहरुको समेत पालना गर्नुपर्नेछ।

(ख) **दस्तुर सम्बन्धमा :-** उपरोक्त अनुसारको संशोधनको लागि कुनै दस्तुर नलाग्ने ।

**(२) उपरोक्त बमोजिमको संशोधन हाल अनुमतिपत्रको अवधि बहाल रहेका सेवा प्रदायकहरुका लागि मात्र लागु गर्ने ।**

**(३) नयाँ अनुमतिपत्रमा गर्नुपर्ने व्यवस्था :- यस उपरान्त इन्टरनेट सेवा प्रदायकको अनुमतिपत्र प्रदान गर्दा Internnet Telephony समेत सञ्चालन गर्न सक्ने गरी इन्टरनेट सेवा प्रदायकको अनुमतिपत्रमा संशोधन गरी सो अनुमतिपत्र प्रदान गर्नुपर्ने ।**

## **Internet Telephony खुला गर्ने सम्बन्धमा नेपाल दूरसञ्चार प्राधिकरणबाट भएको निर्णय**

### **(१) Internet Telephony सम्बन्धी व्यवस्था :-**

**(क) अनुमतिपत्र सम्बन्धमा :- दूरसञ्चार ऐन, २०५३ को दफा २६ को उपदफा (४) बमोजिम इन्टरनेट सेवा प्रदायकहरुको अनुमतिपत्रमा इन्टरनेट टेलिफोनी सञ्चालनका लागि तपसिल बमोजिमको संशोधन गर्ने ।**

(क) (१) नेपालमा रहेको **कम्प्युटर (Personal Computer) बाट** ***नेपालभित्रै*** रहेको वा ***बाहिर अन्य देशमा*** रहेको **अर्को कम्प्युटरसंग पब्लिक इन्टरनेट (Public Internet) को प्रयोग गरी** Voice Communications (आवाज आदानप्रदान वा बोलेर कुराकानी) गर्न गराउन सक्ने ।

(क) (२) नेपालमा रहेको एउटा **कम्प्युटरबाट** ***नेपाल बाहिर अन्य देशमा*** रहेको जुनसुकै **टेलिफोन (Public Switched Telephone Network/Public Land Mobile Network/Integrated Services Digital Network Telephone** आदि**) संग पब्लिक इन्टरनेट (Public Internet) को प्रयोग गरी** Voice Communications (आवाज आदानप्रदान वा बोलेर कुराकानी) गर्न गराउन सक्ने ।

(क) (३) नेपालमा रहेको **H.323/SIP Terminal** बाट ***नेपाल भित्रै*** रहेको अर्को **H.323/SIP Terminal** वा ***बाहिर अन्य देशमा*** रहेको **जुनसुकै Telephone संग पब्लिक इन्टरनेट (Public Internet) को प्रयोग गरी** Voice Communications (आवाज आदानप्रदान वा बोलेर कुराकानी) गर्न गराउन सक्ने ।

(क) (४) इन्टरनेट टेलिफोनी (Internet Telephony) सेवा संचालन गर्दा **International Telecommunications Union (ITU) को E.164 Numbering Scheme** को आधारमा नभई **Internet Assigned Numbers Authority (IANA)** को **IP Addressing Scheme** को आधारमा **Terminal Device or Customer Premise Equipment (CPE)** को नामाकरण गरिनु पर्नेछ ।

(क) (५) इन्टरनेट टेलिफोनी (Internet Telephony) संचालन गर्दा ***पब्लिक इन्टरनेट (Public Internet)*** मार्फत नेपाल भित्रिएको **Voice Traffic** लाई **नेपालभित्र रहेको कुनै पनि PSTN(Public Switched Telephone Network) वा PLMN (Public Land Mobile Network) वा ISDN (Integrated Services Digital Network) नेटवर्क आदि संग जडान**